नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वातावरण विभाग

पत्र संख्या :

चलानी नं. :

## ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको झोला प्रयोगमा प्रतिबन्ध लगाइएको सम्बन्धी

## प्रेस विज्ञप्ती

नेपाल सरकारले मिति २०७८ श्रावण १ देखि लागू हुने गरी प्लाष्टिकजन्य पदार्थबाट हुने वातावरणीय प्रदुषण न्यूनीकरण गर्न ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा पूर्णरुपमा प्रतिबन्ध लगाएको छ । सपिङ्गमल तथा डिपार्टमेन्टल स्टोर लगायत सबै व्यापारिक प्रतिष्ठानमा प्लाष्टिकको झोलाको सट्टा सूती, जुट वा कागजका झोला प्रयोग गर्नुपर्ने व्यवस्था गरिएको व्यहोरा समेत अवगत गराउँदछु। ४० माइक्रोन भन्दा पातलो प्लाष्टिक झोला वा सीट उत्पादन गर्ने उद्योगले पुरानो मेशिनको पाटपूर्जा प्रतिस्थापन गरी नयाँ जडान गरेमा हुने थप लगानी बराबरको रकम पुँजीगत अनुदान उपलब्ध गराइने व्यवस्था समेत आ.व.०७८/७९ को आय-व्ययको सार्वजनिक जानकारी वक्तव्यमा उल्लेख गरिएको हुँदा सोही बमोजिम गर्न गराउनु हुन सबै प्रकारका उत्पादक, वितरक, विक्रेता तथा सर्वसाधारणको जानकारीको लागि यो विज्ञप्ती प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

२०७८/४/१६

(मुकुन्द प्रसाद निरौला)
महानिर्देशक

कार्यालयको ठेगाना: बबरमहल, काठमाडौं
कार्यालयको टेलिफोन नं. ०१-४२२१७९७/४२२०८३७
फ्याक्स: ०१-४२२१५५७
इमेल: info@doenv.gov.np
वेबसाईट: www.pollution.gov.np